# सिद्धार्थनगर नगरपालिका कार्यालय, सिद्धार्थनगरको
## बसपार्क प्रवेश शुल्क उठाउने सम्बन्धी सिलबन्दी बोलपत्र आब्हानको सूचना
**प्रथम पटक प्रकाशित मिति: २०७३।०१।२२ गते**

स्थानीय स्वायत्त शासन ऐन २०५५, ऐ. नियमावली २०५६ (संशोधन सहित) र स्थानीय निकाय (आ.प्र.) नियमावली २०६४ अनुसार यस सिद्धार्थनगर नगरपालिका अन्तर्गत रहेको सिद्धार्थ बसपार्कमा प्रवेश गर्ने सवारी साधनको प्रवेश शुल्क अशुली कार्य ठेक्काबाट गर्नु/गराउनु पर्ने भएकोले आर्थिक वर्ष २०७३/०७४ (१२ महिनाको) मुल्य अभिवृद्धि कर (भ्याट) बाहेक न्यूनत्तम रु ३३,००,०००।–( तैतिस लाख) मा नघट्ने गरी इच्छुक व्यक्ति वा फर्मले मुल्य अभिवृद्धि कर (भ्याट) मा दर्ता भई नवीकरण भएका प्रमाणपत्रका प्रतिलिपि तथा नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी आफूले ठेक्का लिन चाहेको अङ्क खोली देहायको शर्तको अधिनमा रही रितपूर्वकको शिलबन्दी बोलपत्र पेश गर्नुहुन आब्हान गरिन्छ।

**शर्तहरु :–**

१) बोलपत्र फाराम र शर्तहरुको सुची यस कार्यालयको राजश्व शाखाबाट रु १०००।–(पछि फिर्ता नहुने गरी )तिरी खरिद गर्न सकिने छ।

२) बोलपत्रदाताले निवेदन दस्तुर वापत रु.५।– (पांच रुपयाँ) नगद सहित कवोल गर्ने कुल रकमको ५% (पांच प्रतिशत) रकम यस कार्यालयको कृषि विकास बैंक लि., सिद्धार्थनगर स्थित धरौटी खाता नं (ग-३)०४-१४६-०१०१५०७९-०३-२ मा जम्मा गरेको सक्कल बैंक भौचर/नगद वा ने.रा.बैंक बाट मान्यता प्राप्त बैंकको ७५ दिनको म्याद भएको बिडबण्ड पेश गर्नु पर्ने छ।

३) यस नगर क्षेत्र भित्र स्थायी ठेगाना भएका फर्मवाला बोलपत्रदाताहरुले अनिवार्य रुपमा नगरपालिकामा व्यवसाय दर्ताको प्रमाण पत्रको प्रतिलिपी पेश गर्नु पर्ने छ। नगर क्षेत्र भन्दा बाहिर स्थायी ठेगाना भएका फर्महरुको हकमा चालु वर्षको व्यवसाय कर दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने छ।

४) बोलपत्र स्वीकृतिको सुचना पाएको वा घरदैलोमा सुचना टांस भएको मितिले ७ (सात) दिन भित्र ठेकका अङ्कको प्रथम किस्ता ( चार महिनाको एक किस्ता ) रकम समेत दाखिला गरी बांकी किस्ताको लागि ठेक्का अवधीभर मान्य अवधी रहेको बैंक ग्यारण्टी पेश गरी पट्टा उठाउनु पर्ने छ। तोकेको म्याद भित्र सम्झौता गर्न नआएमा राखिएको धरौटी रकम जफत हुनेछ।

**५) बोलपत्र खरिद गर्ने अन्तिम मिति, समय र स्थान :–**

क) प्रथम पटक सुचना प्रकाशित भएको मितिले ३० औं दिन दिनको कार्यालय समय भित्र र उक्त दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र सि.न.न.पा.कार्यालयको राजश्व शाखाबाट बोलपत्र फारम खरिद गर्न सकिने छ।

**६) बोलपत्र दर्ता गर्ने अन्तिम मिति, समय र स्थान :–**

क) प्रथम पटक सुचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र र उक्त दिन बिदा परेमा सोको भोलिपल्ट सोही समय भित्र, सि.न.न.पा.कार्यालयमा बोलपत्र दर्ता गर्न सकिने छ।

**७) बोलपत्र खोलिने स्थान, मिति र समय :–**

क) सिद्धार्थनगर नगरपालिका कार्यालयमा यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३१ औं दिन र सो दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै पछि कार्यालय खुलेको दिनको १:०० बजे बोलपत्र खोलिने छ।

ख) दर्ता भएका बोलपत्रहरु बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। बोलपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

८) कार्यालय बाट बिकी नभएको,दस्तखत नभएको र शर्त राखि पेश भएको बोलपत्र मान्य हुने छैन।

९) ठेकेदारले प्रयोग गरेको बिद्युतको खपत महशुल सब मिटर अनुसार ठेकेदारले व्यहोर्नु पर्नेछ। उक्त रकम हरेक महिना कार्यालयले आफै बुझाउने छ। सो रकम ठेकेदारले प्रत्येक महिनाको ७ गते भित्र नगरपालिकामा दाखिला गर्नु पर्ने। म्याद भित्र रकम नबुझाएमा महशुल रकमको ५० प्रतिशत जरिवाना सहित बुझाउनु पर्ने छ।

१०) नगरपालिकाले तोकेको दररेटमा तथा तोकेको स्थान (सिद्धार्थ बसपार्क हाता भित्र प्रवेश द्वार) मा मात्र ठेकेदारले प्रवेश शुल्क उठाउन पाउने छ।

११) ठेकेदारले न.पा.ले तोकेको शुल्क उठाउँदा प्रयोग गर्ने रसिदहरु आफ्नै तर्फबाट छपाई सो रसिदहरु यस कार्यालयबाट प्रमाणीत गराई प्रयोग गर्नु पर्नेछ। प्रमाणीत नगरेको रसिदबाट शुल्क असुली गरेको उजुरी वा जानकारी आएमा प्रत्येक पटक रु. ३,०००।–(तीन हजार) जरिवाना लगाइने छ।

१२) बसपार्कको सरसफाई तथा झारपात हटाउने लगाएतका सामान्य मर्मत ठेकेदार स्वयंले गर्नु पर्ने छ।

१३) रीत नपुगी वा म्याद नाघी आएको बोलपत्रउपर कुनै कारवाही हुने छैन।

१४) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

१५) यसमा नपरेका अन्य कुराहरु सम्झौताका साथै प्रचलित ऐन, नियम अनुसार हुनेछ।

१६) व्यक्तिको हकमा टेण्डर स्वीकृत भए पछि सम्झौता गर्न आउंदा मुल्य अभिवृद्धि कर मा दर्ता गरेको प्रमाण पेश गर्नु पर्ने छ।

१७) बन्द, हडताल, चक्का जाम आदि जस्तो सुकै अवस्थामा पनि ठेक्का अंकमा कुनै छुट वा मिनाहा दिइने छैन।

१८) कबुल रकम एकमुष्ठ बुझाएमा १० (दश) प्रतिशत छुट दिइने छ।

१९) यस सम्बन्धमा अन्य थप केही कुरा बुझ्नु परेमा यस कार्यालयको राजश्व शाखामा सम्पर्क गर्न सकिने छ।

७२।१।२१

विष्णुदत्त गौतम
कार्यकारी अधिकृत
सिद्धार्थनगर नगरपालिका कार्यालय